सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) सचिवालयको त्रैमासिक प्रकाशन

# PEFA Newsletter

## A Quarterly Publication of PEFA Secretariat

वर्षः २ अङ्कः ९ ०७१ असार

सार्वजनिक वित्तीय व्यवस्थापनका विभिन्न गतिविधि सहित



पेफा सचिवालय, वासिङ्गटन डि सी का प्रमुख श्री फिलिप सिनेट (बायाँबाट दोश्रो ) नेपाल भ्रमणको क्रममा पेफा सचिवालय, नेपालमा

## सम्पादकको तर्फवाट :

नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका गतिविधिहरु क्रमशः तीव्र हुँदै गईरहेका छन् । यसक्रममा क्षमता विकासका क्रियाकलापहरुलाई पेफा सचिवालयले अगाडि बढाएको छ । विभिन्न कार्यशालाहरु, तालिम कार्यक्रमहरु संचालन गरिएको छ । आर्थिक पत्रकारहरुलाई समेत सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिएको छ ।

साथै नेपालका सुधार प्रयासहरुको सकारात्मक प्रभाव देखिन थालेका छन् । नेपालको एकल खाता कोष प्रणालीको संचालनमा प्राप्त सफलता एउटा ठूलो उपलब्धि हो । सो प्रणालीको अवलोकन एवं अध्ययन गर्न मित्रराष्ट्र रसियाको फेडरल ट्रेजरीका प्रमुख श्री अलेक्जेन्डर डेमीडोभको नेतृत्वमा सात सदस्यीय प्रतिनिधि मण्डलले नेपालको भ्रमण गरेको थियो । वहाँहरुले नेपालको एकल खाता कोष प्रणाली यसको दायरा बाहेक प्रणालीगत हिसाबले रसियाजत्तिकै सबल रहेको धारणा व्यक्त गर्नुभएको थियो । नेपाल सरकारले कास्कीबाट यस आ.व.देखि कम्प्युटर बेस्ड सरकारी लेखा प्रणालीको नमुना परीक्षण सुरु गरेको छ ।

नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनको कार्य सम्पादन मापन कार्य (Second PEFA Assessment) हुँदैछ । दोस्रो पेफा मूल्यांकन गर्न गठित टोलीहरुले आफ्नो प्रतिवेदनहरु तयार गरीसकेका छन् । ती प्रतिवेदनहरु उपर नियमित छलफल भइरहेका छन् । नेपाल सरकार यो काम समयमै सक्न प्रतिबद्ध छ । दोस्रो चरणको सुधार कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।

## यस भित्र


- पेफा निर्देशक समितिको बैठक
- पेफासम्बन्धी मध्यमाञ्चल र पश्चिमाञ्चल क्षेत्रस्तरीय कार्यशाला
- पेफासम्बन्धी मध्यपश्चिमाञ्चल र सुदुरपश्चिमाञ्चल क्षेत्रस्तरीय कार्यशाला
- सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी राष्ट्रिय तालिम कार्यक्रम
- दोस्रो पेफा मूल्यांकनको ड्राफ्ट प्रतिवेदन माथि छलफल
- आर्थिक पत्रकार समाजसँग अन्तरक्रिया कार्यक्रम
- आर्थिक पत्रकारलाई तालिम
- नयाँ पेफा संरचनाबारे कार्यशाला
- CGAS piloting शुरु
- PFM सम्वन्धी अन्य जानकारीहरु

# दोश्रो पेफा मूल्यांकन सम्बन्धी कार्यक्रम

## दोस्रो पेफा मूल्यांकनको ड्राफ्ट प्रतिवेदन माथि छलफल



कार्यक्रमका सहभागीहरु

मिति २०७१।०२।१२ (26th May, 2014) गते विहीवार पेफा सचिवालय, नेपालद्वारा दोस्रो पेफा मूल्यांकनको ड्राफ्ट प्रतिवेदन माथि छलफल कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रम अर्थ मन्त्रालयका सचिव एवं पेफा निर्देशक समितिका संयोजक श्री युवराज भुषालज्यूको अध्यक्षतामा भएको थियो । कार्यक्रमको मुख्य उद्देश्य दोश्रो पेफा मूल्यांकनको हालसम्मको प्रगति अर्थसचिवज्यू समक्ष अवगत गराउदै मूल्यांकन टोलीद्वारा तयार गरिएको ड्राफ्ट प्रतिवेदन माथि छलफल गर्नु रहेको थियो । पेफा सचिवालयका सदस्य सचिव श्री बाबुराम सुवेदीले हालसम्मको प्रगति अवगत गराउदै कार्यक्रम सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा मूल्यांकन टिम लगायत विश्व वैंकका सदस्यहरुको उपस्थिति रहेको थियो । जसमा सो प्रतिवेदनलाई अन्तिमरुप कसरी दिने भन्ने बारेमा छलफल भएको थियो। सो कार्यक्रममा मूल्यांकन प्रतिवेदनको प्रारम्भिक स्वरुप पेफा निर्देशक समिति समक्ष प्रस्तुत गरिएको थियो ।

## पेफा निर्देशक समिति को वैठक सम्पन्न



पेफा निर्देशक समितिको वैठकको एक झलक

पेफा निर्देशक समितिको १७ औं वैठक यही २०७०/११/२३ मा सम्पन्न भएको छ । यस वैठकले मल्टी डोनर ट्रष्ट फण्डको अनुदान सहायतामा संचालित सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढीकरण आयोजना को हाल सम्मको कार्यान्वयन प्रगतिको सम्वन्धमा विश्व वैङ्कको मार्च ३ देखि ७ २०१४ मिसनले तयार गरेको Aide Memoire वैठकमा प्रस्तुत गरी हाल सम्मको कार्यान्वयन प्रगतिको सम्वन्धमा वैठकमा समिक्षा गरेको थियो ।

पेफा निर्देशक समितिको १८ औं वैठकले सार्वजनिक वित्तीय व्यवस्थापनको दोश्रो मूल्यांकनको ड्राफ्ट प्रतिवेदनमा विश्व वैंकसंग प्रत्येक मूल्यांकन टोली छुट्टाछुट्टै छलफलमा बसी कार्यलाई अगाडि बढाउने निर्णय गरेको थियो ।

## नयाँ पेफा संरचनाबारे कार्यशाला सम्पन्न



मिति २०७१।०२।२२ (5th June, 2014) गते विहीवार पेफा सचिवालय, नेपालद्वारा आयोजित एक दिने कार्यशालामा पेफा सचिवालय, वासिङ्गटन डि सीका प्रमुख श्री फिलिप सिन्नेट द्वारा पेफा (PEFA) को नयाँ संरचनावारे जानकारी गराउनु भएको थियो । उहाँले Overview of the PEFA Program & Framework, Purpose of Revising the Framework, Progress to Date & Next steps बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । साथै **Global Roll-out of the Framework** को वारेमा जानकारी गराइ पेफा मूल्यांकन सूचकमा भएका परिवर्तन वारे प्रष्ट पार्नुभएको थियो । कार्यशालामा दोश्रो पेफा मूल्यांकन टोलीका संयोजक एवं सदस्यहरुको उपस्थिति रहेको थियो ।



कार्यक्रमका केही झलकहरु



३ दिने नेपाल भ्रमणमा रहनुभएका पेफा सचिवालय, वासिङ्गटन डि सीका प्रमुख श्री फिलिप सिन्नेटले पेफा सचिवालय, महालेखा नियन्त्रक कार्यालय, महालेखा परिक्षकको कार्यालय लगायतका कार्यालयमा भ्रमण गरी जानकारी लिनुभएको थियो ।

# सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी राष्ट्रिय तालिम कार्यक्रम



कार्यक्रमको उद्घाट्न समारोहमा महालेखा नियन्त्रक श्री शंकर प्रसाद अधिकारीज्यू



कार्यक्रममा सहभागीहरु

मिति २०७१।०१।२६ देखि २८ गते सम्म नगरकोटमा पेफा सचिवालयले मन्त्रालयस्तरका आर्थिक प्रशासन, योजना र बजेटमा काम गर्न कर्मचारीहरुको लागि राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन तथा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व विषयक कार्यशाला तालिम कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रमको मूख्य उद्देश्य सार्वजनिक वित्तीय व्यवस्थापन र सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्वका सम्वन्धमा साझा वुझाईको विकास गर्नु एवं सार्वजनिक वित्तीय व्यवस्थापन र सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्वका क्षेत्रमा नया अवधारणाहरुवारे छलफल चलाउनुका साथै ती विषयमासहजिकरण गर्ने दक्ष मानवीय श्रोतको विकास गर्नु रहेको थियो ।कार्यक्रमको संचालन पेफा सचिवालयका सदस्य सचिव तथा उपमहालेखा नियन्त्रक श्री वावुराम सुवेदीज्यूले गर्नुभएको थियो । तालिम कार्यक्रमको उद्घाटन सत्र पेफा सचिवालयका संयोजक सहमहालेखा नियन्त्रक प्रमुख श्री डिल्लीराम शर्माज्यूको अध्यक्षता तथा महालेखा नियन्त्रक श्री शंकर प्रसाद अधिकारीज्यूको प्रमुख आतिथ्यतामा आयोजना भएको थियो ।

कार्यक्रममा महालेखा नियन्त्रक श्री शंकर प्रसाद अधिकारीज्यूले Role of FCGO in Financial Management Reform को विषयमा प्रशिक्षण गर्नु भएको थियो, कार्यक्रममा महालेखा नियन्त्रकज्यू लगायत ९ जना विषय विशेषज्ञहरु हुनुहुन्थ्यो । सहभागीहरुले निकै चाख लिएर तालिममा सहभागी भई प्रस्तुत विषय समसामयिक भएको र सार्वजनिक खर्च र वित्तीय व्यवस्थापन जस्ता कुरा राष्ट्रको भविष्य, निर्धारक एवंम समग्र राष्ट्रको शासकीय व्यवस्थापन सुधारमा सहयोग पुग्ने भएकोले यस किसिमका तालिम कार्यक्रम जिल्लास्तरसम्म लैजाने र जनशक्ति विकासलाई थप प्रभावकारी बनाउन आवश्यक रहने बताउनुभएको थियो ।

# PFMRP का जिम्मेवार निकायसंग अन्तरक्रिया कार्यक्रम

## आर्थिक पत्रकार समाजसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न






कार्यक्रममा सहभागीहरु

मिति २०७१।०२।१२ गते सोमवार पेफा सचिवालय र आर्थिक पत्रकार समाजको संयूक्त आयोजनामा आर्थिक पत्रकार समाजसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । आर्थिक पत्रकारहरुलाई सार्वजनिक खर्च व्यवस्थापनका लागि भइरहेका पहलहरु, समाचार सम्प्रेषणका प्रवृत्ति र यस क्षेत्रका समाचारलाई अझै प्रभावकारी रुपमा उठाउनुका साथै आर्थिक पत्रकारहरुलाई नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार कार्ययोजना तथा पेफा कार्यान्वयनमा भइरहेका प्रगतिबारे जानकारी गराउने मुलभुत उदेश्यले कार्यक्रम आयोजना भएको थियो । कार्यक्रमका विशिष्ट उदेश्यहरुमा नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार तथा वित्तीय उत्तरदायित्व सम्बन्धी जानकारी गराउने, आम सञ्चारमाध्यम मार्फत् सर्वसाधारणलाई सुसूचित गर्ने, आर्थिक पत्रकारहरुलाई सार्वजनिक वित्त व्यवस्थापनमा समाचार सम्प्रेषणका क्षेत्रहरु का सम्बन्धमा उजागर गर्ने लगायतका विषयहरु रहेका थिए ।

कार्यक्रमको अन्तरक्रिया सत्रमा देशको नयाँ परिवेशमा सार्वजनिक वित्तीय व्यवस्थापनमा पनि त्यही अनुरुपको परिवर्तन सम्वन्धी, बजेटमा छुट्याइएको सबै पुँजीगत खर्च प्रयोग हुन नसक्नुको कारण, आन्तरिक नियन्त्रण प्रणाली सबल नभएको, सरकारी लेखामान अनुरुप लेखा राख्ने कुरा, खरिद प्रतिस्पर्धात्मक बनाउने विषय, आन्तरिक लेखापरीक्षण विश्वसनीय बनाउने उपायहरु, सबै कारोबार लेखामा प्रतिविम्बित नहुँदा सञ्चित कोषको लेखाले राज्यको आय-व्ययको यथार्थ स्थिति चित्रण नगरेको लगायतका समस्या अहिलेको अवस्थामा रहेको हुँदा यसलाई न्युनीकरण गर्न कस्ता कदमहरु चालिएका छन् भन्ने लगायत सार्वजनिक खर्च व्यवस्थापनका आर्थिक समाचार संकलनका क्षेत्रहरुका सम्बन्धमा सहभागीहरुबाट जिज्ञासाहरु राखिएको थियो ।

सहभागीहरुका जिज्ञासाहरुको सम्बन्धमा महालेखा नियन्त्रक श्री शंकरप्रसाद अधिकारी, पेफा सचिवालय संयोजक श्री डिल्लीराम शर्मा, पेफा सचिवालयका सदस्य सचिव श्री बाबुराम सुवेदी तथा सेजनका सदस्य डम्बरजंग डाँगीले प्रष्ट पार्नुभएको थियो ।कार्यक्रमको समापन सत्रमा सार्वजनिक खर्च व्यवस्थापनको सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयका तर्फबाट भइरहेका कामका सम्बन्धमा प्रमुख अतिथि महालेखा नियन्त्रक शंकरप्रसाद अधिकारीले सरकारले एकल खाता कोष प्रणालीलाई थप सुधार गर्दै लैजाने जसअन्तर्गत भुक्तानी प्रणालीलाई पनि सहज बनाइने, 'भुक्तानी पनि अनलाइनको माध्यमबाट चेक रहित गर्ने दीर्घकालीन सोच बारे मन्तव्य राख्नुभएको थियो ।

## क्षेत्रीय स्तरका आर्थिक पत्रकारलाई तालिम सम्पन्न



कार्यक्रममा सहभागीहरु

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयको आयोजनामा क्षेत्रीय स्तरका पत्रकारहरुको लागि सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी तालिम कार्यक्रम मिति २०७१।२।२० र २१ गते पोखरामा सम्पन्न भयो । सेजनका अध्यक्ष श्री विज्ञान अधिकारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रम पेफा सचिवालयका संयोजक एवं सह महालेखा नियन्त्रक, श्री डिल्लीराम शर्माको प्रमुख आतिथ्यमा भएको हो । कार्यक्रमको उद्‌घाटन सत्रमा कोष तथा लेखा नियन्त्रक कार्यालय, कास्कीका प्रमुख लोकनाथ गौतम र नेपाल पत्रकार महासंघ, कास्कीका सभापति रामकृष्ण ज्ञवाली अतिथिको रुपमा मन्तव्य व्यक्त गर्नुभएको थियो ।

तालिम कार्यक्रममा शासन व्यवस्थामा सार्वजनिक वित्तीय व्यवस्थापनको भूमिकामा पेफा सचिवालयका संयोजक श्री डिल्लीराम शर्माले, सार्वजनिक वित्तीय व्यवस्थापन संरचना : अवधारणा र प्रक्रियामा सचिवालयका सदस्य सचिव श्री बाबुराम सुवेदीले, सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्वमा पत्रकारहरुको भूमिकामा बिजनेस ब्युरो प्रमुख, राजधानी दैनीकका श्री नवराज चालिसेले र नेपालमा गुणस्तरीय बजेट निर्माण, कार्यान्वयन र नियन्त्रणमा आर्थिक पत्रकारहरुको भूमिकामा बिजनेस ब्युरो प्रमुख, कान्तिपुर दैनिकका श्री गोकर्ण अवस्थीले कार्यपत्रहरु प्रस्तुत गर्नु भएको थियो। कार्यपत्र प्रस्तुतिको चरणमा सहभागीहरुको जिज्ञासाहरुको समाधान गर्दै कार्यक्रम सञ्चालन गरिएको थियो

## आयोजना लेखा र सार्वजनिक खरिदसम्वन्धी तालिम सम्पन्न



कार्यक्रममा सहभागीहरु

मिति २०७१।०३।१३ गते शुक्रवार पेफा सचिवालयको आयोजनामा पेफा सचिवालय र महालेखा नियन्त्रक कार्यालयका कर्मचारीहरुलाई विश्व वैंकको सहयोगमा आयोजना लेखा र सार्वजनिक खरिदसम्वन्धी एक दिने तालिम कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा महालेखा नियन्त्रक श्री शंकर प्रसाद अधिकारीज्यूले प्रमुख अतिथिको आसन ग्रहण गर्नुभएको थियो । विश्व वैंकका प्रशिक्षकहरु श्री योगेश मल्ल र श्री प्रदिप श्रेष्ठज्यूले आयोजना लेखाको बारेमा संयूक्त प्रशिक्षण गर्नुभएको थियो र श्री शम्भु उप्रेतिज्यूले सार्वजनिक खरिद सम्वन्धी विस्तृत प्रशिक्षण गर्नुभएको थियो ।

## मध्यमाञ्चल र पश्चिमाञ्चलस्तरीय पेफा क्षेत्रीय कार्यशाला सम्पन्न



सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी निम्न तीनवटा विषयमा छलफल तथा अन्तरक्रिया गर्ने मुख्य उद्देश्यले मिति २०७०।१२।२० र २१ गते तनहुँको वन्दीपुरमा मध्यमाञ्चल तथा पश्चिमाञ्चल विकासक्षेत्र स्तरीय कार्यशाला सम्पन्न भयो:

१. आन्तरिक नियन्त्रण प्रणाली सुधार

२. आर्थिक कार्यविधि कानुनमा सामयिक संशोधन

३. कोलेनिकाहरुको कार्यसम्पादन स्तर मापनका आधार

महालेखा नियन्त्रक श्री सुमन प्रसाद शर्माको प्रमुख आतिथ्यतामा संचालित उक्त कार्यक्रममा सम्वन्धित क्षेत्रका कोलेनिका प्रमुखहरु, क्षेत्रीय स्तरका कार्यालयबाट योजना, बजेट तथा कार्यक्रम हेर्ने अधिकृत लगायत झण्डै ७० जना व्यक्ति तथा पदाधिकारीको सहभागिता रहेको थियो । कार्यशालामा उल्लेखित विषयमा समूहगत छलफल भएको थियो । छलफलबाट निकालिएको निष्कर्षहरुमा आन्तरिक नियन्त्रण प्रणाली सुधारको लागि नीतिगत, संस्थागत सुधार एवं मानव संसाधनको व्यवस्थापन सम्वन्धी कार्यविधिहरु स्पष्ट गरी अगाडि वढ्ने, आर्थिक कार्यविधि ऐन, नियम तथा भ्रमण खर्च नियमावली संशोधनको लागि विषयगत टोलीले दिएको सुझावहरुमा थप अध्ययन गर्ने, कोलेनिकाहरुको कार्यसम्पादनस्तर मापनको आधार तयार गर्न विषयगत टोलीले दिएको सझावहरु अध्ययन गरी वस्तुगत सूचक तयार गर्ने रहेको थियो ।

## मध्यपश्चिमाञ्चल र सुदुरपश्चिमाञ्चलस्तरीय पेफा क्षेत्रीय कार्यशालासम्पन्न



मिति २०७०।१२।२७ र २८ गते सम्म पेफा सचिवालय तथा महालेखा नियन्त्रक कार्यालयले आयोजना गरेको क्षेत्रीय कार्यशालामा मध्य तथा सुदुरपश्चिमाञ्चल विकास क्षेत्रका २४ जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखहरू र कर कार्यालयका प्रमुखको सहभागिता रहेको थियो । कार्यशाला कोष तथा लेखा नियन्त्रक कार्यालय दाङ्गका प्रमुख कोष नियन्त्रक श्री भिमप्रसाद दाहालको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यशाला महालेखा नियन्त्रक कार्यालयका महालेखा नियन्त्रक श्री सुमनप्रसाद शर्माको प्रमुख आतिथ्यमा संचालन भएको तथा कार्यक्रमको उदघाटन महालेखा नियन्त्रकबाट भएको थियो ।

## २ जिल्लामा PEFA जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न

कञ्चनपुर र रसुवा जिल्लामा  गरी थप २ जिल्लामा पेफा जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । अभिमुखीकरण कार्यक्रमको मुख्य उद्धेश्य स्थानीय स्तरमा वित्तीय पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्नु गराउनु तथा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्वन्धी जानकारी तल्लो तह सम्म पुऱ्याउनु एवं यसको समन्वय गर्न तथा सूचना प्रवाह गर्न सहयोग पऱ्याउनु नै रहेको छ । यस अघि नै ३८ जिल्लामा अभिमुखिकरण कार्यक्रम सम्पन्न भइसकेको अवस्था छ । कार्यक्रममा जिल्लास्तरमा सार्वजनिक वित्तीय व्यवस्थापनमा देखिएका समस्या, यस क्षेत्रमा नीतिगत तहबाट भई रहेका सुधारका विषयमा छलफल तथा अन्तरक्रिया हुने भएकाले सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरणमा यस्तो कार्यक्रमले थप योगदान पुऱ्याउने देखिएको छ ।



जिल्लामा सम्पन्न कार्यक्रमको एक झलक

## कम्प्यूटरमा आधारित लेखा प्रणाली (CGAS) को नमुना परीक्षण

सरकारी आर्थिक कारोबारहरुको लेखाङ्कन तथा प्रतिवेदनजन्य कार्यहरु हालसम्म Manually गरिदै आएको छ । फलस्वरुप छिटो छरितो एवं प्रभावकारी रुपमा कार्यसम्पादन हुन तथा समयमै हिसाब मिलान हुन समेत कठिनाई भएको विषयलाई मध्यनजर गर्दै विद्यमान लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई समयानुकुल सूचना प्रविधी मैत्री बनाउने अभिप्रायले महालेखा नियन्त्रक कार्यालयको सक्रियतामा सबै सरकारी कार्यालयहरुको आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन कार्यलाई सहज, सरल र एकरुपता कायम गर्नको लागि Computerized Government Accounting System (CGAS) Software तयार गरिएको छ । यसको प्रयोगबाट यस अघि सरकारी आर्थिक कारोबारहरुको Manually गरिदै आएको गोश्वारा भौचर, बजेट सीट, खर्चको फाँटवारी, आर्थिक विवरण, भुक्तानी आदेश तयारी आदि जस्ता प्रविष्टी तथा प्रतिवेदनजन्य कार्यहरु यसको कार्यान्वयन पश्चात Software मार्फत तयार हुनेछन ।

प्रारम्भिकरुपमा CGAS कास्की जिल्लाका केही कार्यालयहरुबाट Piloting को रुपमा मिति २०७१ बैशाख १६ बाट शुरु गरिएको तथा मुलुकभरका सम्पूर्ण सरकारी कार्यालयहरुमा क्रमशः लागु गर्ने योजना रहेको छ । यसबाट प्रारम्भिक चरणमा सरकारी कार्यालयहरुको विनियोजनको लेखाङ्कन तथा प्रतिवेदन कार्य यस Software बाट हुनेछ फलस्वरुप ती कार्यहरु सरल, मितव्यही, प्रभावकारी ढगंबाट सम्पादन हुने तथा समयमै हिसाब मिलान गर्न समेत सहज हुनेछन ।

Software को कार्यान्वयनलाई सहज र सरल बनाउनको लागि प्रयोगकर्ताहरुलाई Software को संचालनको लागि आवश्यक पर्ने Manual  तयार गरिएको छ र यसबाट प्रयोगकर्ताहरुलाई Software प्रयोगको कार्यविधीगत तथा प्रक्रियागत विषयका व्यावहारिक पक्षहरु बारेमा जानकारी भई यसको संचालनमा सहजता हुने देखिन्छ ।

# मित्रराष्ट्र रसियाको फेडरल ट्रेजरीको प्रमण्डलबाट नेपाल भ्रमण सम्पन्न



नेपालको एकल खाता कोष प्रणालीबारे अवलोकन गर्न मिति २०७१।१।१८ देखि २३ गतेसम्म मित्रराष्ट्र रसियाको उप ट्रेजरी प्रमुख लगायत ७ जनाले नेपालको भ्रमण गर्नुभएको थियो । जसमध्ये श्री अलेक्जेण्डर डेमीडोभ टोली प्रमुख हुनुहुन्थ्यो । श्री आन्द्रे गुरोभिच, श्री अलेक्जेण्डर माकारोभ, सुश्री भिक्टोरिया कार्पेङ्को, सुश्री सोलाङ्गी साया र श्री आन्तोन गुरोभिच हुनुहुन्थ्यो ।

५ दिने भ्रमणको क्रममा उहाँहरुले महालेखा नियन्त्रक कार्यालय, पेफा सचिवालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, कास्की, चितवन, लगायतका निकायहरुको भ्रमण एवं अवलोकन गर्नुभएको थियो । भ्रमण गरी एकल खाता कोष प्रणालीको सञ्चालन बारे निकै गहन चासो राख्नुभएको थियो ।







कार्यक्रमको केही झलकहरु

# कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीमा विस्तारित काउन्टरको शुभारम्भ



बिस्तारित काउन्टर बुटवलको उद्‌घाट्न गर्दै महालेखा नियन्त्रक श्री शंकर प्रसाद अधिकारीज्यू

कोष तथा लेखा नियन्त्रक कार्यालय, रुपन्देही अन्तर्गत विस्तारित काउन्टर बुटवलमा शुरु गरिएको छ । प्रमुख अतिथि महालेखा नियन्त्रक श्री शंकर प्रसाद अधिकारीज्यूले एक समारोहका वीच मिति २०७१ जेठ १गतेका दिन सो काउन्टरको शुभारम्भ गर्नु भएको थियो । कोष तथा लेखा नियन्त्रक कार्यालय, रुपन्देहीका प्रमुख कोष नियन्त्रक श्री श्रीकृष्ण नेपालको सभापतित्व र रुपन्देहीका प्रमुख जिल्ला अधिकारी श्री बालकृष्ण पन्थीको विशिष्ट आतिथ्यतामा सो समारोह सम्पन्न भएको थियो । आफ्नो शुभारम्भ मन्तव्यको क्रमममा महालेखा नियन्त्रकज्यूबाट विस्तारित काउन्टर संचालनबाट बुटवल क्षेत्रका कार्यालयहरुलाई सुविधा पर्ने, भैरहवासम्मको २२ कि.मी. सम्मको दूरी आवत जावत गर्न नपर्ने र त्यसवाट समय र स्रोतको बचत हुने देखिएकोले महालेखा नियन्त्रक कार्यालयले यसरी काउन्टर खोल्न स्वीकृती दिएको जानकारी दिनु भएको थियो ।

विशिष्ट अतिथि प्रमुख जिल्ला अधिकारी श्री बालकृष्ण पन्थीले बुटवलमा विस्तारित काउन्टरको शुारम्भले सेवा प्रवाह प्रभावकारी हुने वताउनु भयो । उहाँले कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीको कार्यबातावरण, कार्यशैली, सूचना प्रविधिमैत्री क्षमता विकासको प्रशंसा गर्दै जिल्लाका अरु सरकारी कार्यालयहरुले यसवाट सिक्न आग्रह गर्नु भयो ।



कार्यक्रमको एक झलक

स्वागत एवं काउन्टरको कार्यक्षेत्र र कार्यप्रवाह बारे जानकारी गराउदै प्रमुख कोष नियन्त्रक श्री श्रीकृष्ण नेपालले सो काउन्टरबाट ३८ कार्यालयले सेवा लिने र कार्यबोझ जिल्लाको बजेट खर्चको करिव ४५% हुने बताउनु भयो । वहाँले बुटवलको कार्यालय अलग कार्यालय नभै सेवा प्रवाह गर्ने थप विन्दु मात्र भएकोले केन्द्रबाट आउने पत्रचार, प्रतिवेदन, आलेप तथा अन्य प्रशासकीय व्यवस्थामा कुनै परिवर्तन नहुने जानकारी गराउनु भएको थियो । कार्यक्रमको संचालन कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीका कोषनियन्त्रक श्री खगेश्वर घिमिरेले गर्नु भएको थियो ।

## जिल्ला पेफा कार्यान्वयन इकाई खोटाङ्गद्वारा सुदृढीकरण कार्यक्रमहरु संचालन :



खोटाङ्ग जिल्लामा सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिबृद्धि गर्ने गराउने उद्धेश्य अनुरुप रुपाकोट सामुदायिक रेडियो ९६.६ मेगाहर्ज र जिल्ला पेफा कार्यान्वयन इकाई खोटाङ्ग बीच मिति २०७१।१।१६ गते संझौता भई मिति २०७१।१।१९ गतेदेखि हरेक शुक्रबार बेलुका ८:०० बजेदेखि ८:३० बजेसम्म सचेतनामूलक रेडियो कार्यक्रम "गन्तब्य–आर्थिक सुशासन" पाक्षिक रुपमा उत्पादन गरी प्रसारण गरेको थियो ।




सरकारी बिद्यालयहरुमा हुने र हुनसक्ने वित्तीय जोखिमको अवस्था अध्ययन गरी जोखिम न्यूनीकरणका लागि वित्तीय ब्यवस्थापनमा गर्नुपर्ने सुधारहरु सहितको प्रतिबेदन तयार गर्ने उद्धेश्य अनुरुप मिति २०७१ बैशाख ७ गतेदेखि बिभिन्न क्रियाकलापहरु गर्दै जिल्लास्थित २७ बिद्यालय स्रोतकेन्द्र अर्न्तगतका ४९५ सरकारी बिद्यालयहरुमध्ये ११ स्रोतकेन्द्र अर्न्तगतका १९० बिद्यालयहरुको आ.ब. २०६९।७० को वित्तीय अवस्था, भौतिक अवस्था, शैक्षिक शत्र २०७० को शैक्षिक अवस्था लगायत अन्य पक्षहरुको बारेमा अध्ययन गरेको थियो ।



यसका अतिरिक्त वित्तीय उत्तरदायित्व अभिबृद्धि गर्दै खोटाङ्ग जिल्लास्थित सरकारी कार्यालयहरुले गर्ने खर्चमा बर्षेनी बढ्दै गएको बेरुजू रकम घटाउने र जिल्लास्थित कार्यालयहरुलाई सक्रिय बनाई बेरुजूको सम्परीक्षण र फछ्र्योट गराई जिल्लालाई बेरुजू रहित बनाउने उद्धेश्य अनुरुप बेरुजुको लगत संकलन गरी त्यसको प्रतिबेदन तयार गरेको थियो ।

कार्यक्रमको केही झलकहरु



रसियन डेलिगेट्स कास्की भ्रमणको क्रममा



रसियन डेलिगेट्स र पेफा सचिवालयको टिम



पेफा क्षेत्रीय कार्यशाला दाङ्गको एक झलक



National Training 2071 on PFM/PEFA का सहभागीहरु


सल्लाहकार

**डिल्लीराम शर्मा**

सम्पादक मण्डल

वावुराम सुवेदी

अनुपमा कार्की

लेआउट डिजाईन

अनुपमा कार्की

प्रकाशक

**सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय**

महालेखा नियन्त्रक कार्यालय भवन परिसर

अनामनगर, काठमाण्डौं

टेलिफोन: ४७७०७०६, ४७७०३८७

फ्याक्स: ४७७०७०६

Website: www.pefa.gov.np

E-mail: pefanepal@pefa.gov.np